# गोलबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

गोलबजार, सिरहा

प्रदेश नं. २, नेपाल

न.पा. प्रशासन -०३३-५४००९९
फ्याक्स नं. ०३३-५४०५००
Email- golbazarmun@gmail.com


visit Nepal 2020 Lifetime Experiences

प.स.०७६।७७
च.नं.-

मितिः२०७६।१२।२८ गते।

## हार्दिक अपिल

कोभिड-१९(COVID-19) संक्रमणको रोकथाम तथा नियन्त्रणका सम्बन्धमा संघीय सरकारद्वारा विभिन्न मितिमा गरेका निर्णयहरु र देश लकडाउनको अवस्थामा रहेको आम नगरवासीहरुमा अवगतै छ। यसको प्रकोपबाट बँच्नका लागि उच्च सतर्कता अपनाई घरमै बस्नु भएकोमा सम्पूर्ण नगरबासीलाई गोलबजार नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछौं साथै लकडाउनको अवधी भर आगामी दिनहरुमा पनि पूर्णरुपमा नेपाल सरकारको निर्देशानुसार आ-आफ्नो घरमै बसी कोभिड-१९ (COVID-19) संक्रमणको रोकथाम तथा नियन्त्रण गर्ने कार्यमा सहयोग गर्नुहुनेछ भन्ने आशा राखेका छौं। लकडाउनको अवस्थामा दैनिक ज्यालादारीमा काम गरी खाने घर परिवार तथा अति विपन्न नागरिकहरुलाई राहत तथा अत्यावश्यक औषधि उपचार सेवा उपलब्ध गराउन यस नगरपालिकाको विपद ब्यवस्थापन कोषबाट रु.४०,००,०००।- (चालिस लाख) तथा प्रदेश सरकारबाट प्राप्त रु.१५,००,०००।- (पन्ध्र लाख) गरि जम्मा रु.५५,००,०००।- (पच्पन्न लाख) रुपैयाको प्रकोप ब्यवस्थापन कोष, गोलबजार स्थापना गरिएको साथै गृह मन्त्रालयको मितिः२०७६।१२।१६ गतेको जारी प्रेस विज्ञप्ती अनुसार एकद्वार प्रणाली अन्तर्गत राहत वितरण कार्य स्थानिय तहबाट मात्र गर्नु/गराउनु भनि निर्देशन समेत भएको ब्यहोरा सर्वसाधारणमा जानकारीको लागी अनुरोध गर्दछौं। सो सन्दर्भमा गोलबजार नगरपालिकाको एकल प्रयासले कोभिड-१९ (COVID-19) संक्रमणको रोकथाम तथा नियन्त्रण कार्य आगामी दिनहरुमा कठिन हुनसक्ने अवस्था रहेको हुँदा सम्पुर्ण नागरिक समाज, बुद्धिजिवि, समाजसेवी, उधोगी, व्यापारी, राजनितिक दल लगायत समस्त ईच्छुक सहयोगी संघ संस्थाहरुलाई तपसिल बमोजिम नगद/जिन्सी सहयोग गरिदिनुहुनको लागी गोलबजार नगरपालिका हार्दिक अपिल गर्दछ। सहयोगको लागी अग्रिम धन्यवाद दिन चाहन्छौं।

देवनाथ साह
२०७६।१२।२८

.............................
देवनाथ साह
नगर प्रमुख
गोलबजार नगरपालिका,सिरहा

**तपसिलः-**

**नगद सहयोगको लागीः**

खाताबालाको नामःप्रकोप ब्यवस्थापन कोष,गोलबजार
बैंकको नाम,ठेगानाःसिभिल बैंक लिमिटेड,शाखा कार्यालय ,गोलबजार
बैंक खाता नं. : ०७८१०३८३९५९०१७

**जिन्सी सहयोगको लागीः**

श्री दिनेश कुमार सहनी - सुचना प्रविधि अधिकृत,गोलबजार नगरपालिका,सिरहा।
सम्पर्क नं. : ९८५२८३३२२४ / ९८१५७९४२२४
ईमेल ठेगानाः ito.golbazarmun@gmail.com